# सानिमा माई हाइड्रोपावर लिमिटेड

SANIMA MAI HYDROPOWER LTD

(कम्पनी ऐन, २०६३ बमोजिम स्थापित संस्था)
का.म.न.पा. वडा नं. ४, काठमाण्डौ।
फोन नं. ४-३७३०३०, ४-३७२८२८
website : www.maihydro.com E-mail : sanimamai@sanimahydro.com

## चौधौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**श्री शेयरधनी महानुभावहरु,**

यस सानिमा माई हाइड्रोपावर लिमिटेडको सञ्चालक समितिको मिति २०८२ फाल्गुन २८ गते बसेको बैठकको निर्णयानुसार यस कम्पनीको चौधौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल गरी निर्णय गर्न बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति, समय र स्थान** :

**मिति : २०८२ साल चैत्र २९ गते (तद्नुसार १२ अप्रिल, २०२६) आईतबार।**

**समय : बिहान ११ बजे।**

**स्थान : सेलिब्रेशन हाईट, सुकेधारा, काठमाण्डौ।**

**वार्षिक साधारण सभाका प्रस्तावहरु**:

१. चौधौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ साल आषाढ मसान्त सम्मको वासलात, आ.व. २०८१/०८२ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वार्षिक वित्तिय विवरणसँग सम्बद्ध अनुसूचीहरु समेत छलफल गरी पारित गर्ने।
३. लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम आ. व. २०८२/०८३ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने तथा पारिश्रमिक निर्धारण गर्ने।
४. शेयरधनीहरुबाट प्रतिनिधित्व गर्ने दुई जना सञ्चालकहरुको निर्वाचन गर्ने।
५. विविध।

**वार्षिक साधारण सभा सम्बन्धी सामान्य जानकारीहरु** :

१. वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८२/१२/१२ गते एक दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द गरिने छ। नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८२/१२/११ गतेसम्म कारोबार भई, सिडिएस एण्ड क्लियरिङ्ग लि. बाट राफसाफ भएको र कम्पनीको शेयर रजिष्ट्रार सानिमा क्यापिटल लि. को अभिलेखमा दर्ता भएका शेयरधनीहरु सो सभामा भाग लिन योग्य हुनेछन्।
२. वार्षिक साधारण सभामा उपस्थित शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभास्थलमा सभा हुने दिन बिहान ९ बजे देखि सभा सञ्चालन रहेसम्म खुल्ला रहने छ।
३. वार्षिक साधारण सभामा भाग लिन आउनु हुने शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने प्रमाण कागज तथा हितग्राही खाता खोलि शेयर अभौतिकीकरण गरिएको विवरण देखिने DEMAT Account Statement वा शेयर प्रमाणपत्र साथमा लिई आउनु हुन अनुरोध छ, अन्यथा सभाकक्ष भित्र प्रवेश गर्न पाइने छैन।
४. सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि कम्पनीको संक्षिप्त आर्थिक विवरण यसै साथ प्रकाशित गरिएको छ। आर्थिक विवरण लगायतका वार्षिक साधारण सभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु तथा साधारण सभा सम्बन्धी अन्य जानकारीको लागि कम्पनीको website : www.maihydro.com मा पनि हेर्न सक्नु हुनेछ।
५. सभामा आफु उपस्थित नभई प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले सभा सुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगावै यस कम्पनीको केन्द्रीय कार्यालय धुम्वाराही, काठमाण्डौमा प्रोक्सी फारम दर्ता गरिसक्नु पर्नेछ। सभामा भाग लिन र मतदान गर्नका लागि प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्कै मुकरर गर्ने भएमा सोको लिखित सूचना सोही अवधि भित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गरिसक्नु पर्ने छ। यसरी प्रतिनिधि(प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत कम्पनीको शेयरधनी हुनु पर्नेछ।
६. संरक्षक रहनु भएका शेयरधनी महानुभावहरुका तर्फबाट कम्पनीको शेयर लगत कितावमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले, संयुक्त रुपमा शेयर खरीद गरिएको अवस्थामा शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतिबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले र कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरधनीको हैसियतले सभामा भाग लिन र मतदान गर्न सक्नु हुनेछ।
७. छलफलका विषय सूची मध्ये विविध शिर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ (सात) दिन अगावै सो सम्बन्धी प्रस्ताव कारण सहित उल्लेख गरी कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनु पर्नेछ। तर त्यसलाई पारित गरिनु पर्ने प्रस्तावको रुपमा राखिने छैन।
८. शान्ति सुरक्षाका कारण साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुलाई यथाशक्य झोला/व्याग नल्याउनु हुन अनुरोध छ। सभाको सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीहरुले शेयरधनी महानुभावहरु लगायत सभाकक्षमा प्रवेश गर्ने सबैको झोला/व्याग र शरीर जाँच गर्न सक्नेछन्।
९. साधारण सभामा आफ्नो मन्तव्य राख्न चाहने शेयरधनी महानुभावले सभा सुरु हुनु भन्दा अगावै आफ्नो नाम कम्पनी सचिवलाई टिपाउनु पर्नेछ।
१०. शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पदमा २ (दुई) जनाको निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतले तोके बमोजिम कम्पनीको रजिष्टर्ड कार्यालयमा पछि प्रकाशित गरिनेछ। सञ्चालकको निर्वाचन सम्बन्धी कार्यक्रम कम्पनीको निर्वाचन निर्देशिका अनुरुप निर्वाचन अधिकृतले तोके बमोजिम हुनेछ। निर्वाचन कार्यक्रम सम्बन्धी जानकारीका लागि यस कम्पनीको रजिष्टर्ड कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ।
११. सञ्चालक पदको निर्वाचनमा उम्मेदवार हुने शेयरधनीले कम्पनीको कम्तीमा १०० (एक सय) कित्ता शेयर लिई प्रचलित कानून तथा कम्पनीको प्रबन्धपत्र तथा नियमावली बमोजिम सञ्चालक हुन योग्य हुनु पर्दछ। निज शेयरधनीले निर्वाचन कार्यक्रममा तोकिएको अवधि भित्र एकजना शेयरधनी प्रस्तावक र अर्को एक जना शेयरधनी समर्थक सहित कम्पनीले तोकेको ढाँचामा कम्पनीको केन्द्रीय कार्यालय, धुम्बाराही, काठमाण्डौ अवस्थित निर्वाचन अधिकृतको कार्यकक्षमा आफ्नो उम्मेदवारी दर्ता गर्नुपर्नेछ।

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

**नोट :-** अन्य आवश्यक जानकारीको लागि यस कम्पनीको केन्द्रीय कार्यालय का.म.न.पा. वडा नं. ४ धुम्वाराही, काठमाण्डौ वा फोन नं. ०१-४३७३०३०, ४३७२८२८ वा ईमेल sanimamai@sanimahydro.com मा सम्पर्क राख्नु हुन अनुरोध गरीन्छ।

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस सानिमा माई हाइड्रोपावर लि.को चौधौं वार्षिक साधारण सभाको प्रायोजनार्थ आ.व. २०८१/०८२ को वासलात, नाफा-नोक्सान हिसाव लगायत कम्पनीको कारोवारको जानकारीका लागि निम्नानुसार रहेको यस संक्षिप्त आर्थिक विवरण मार्फत जानकारी गराउँदछौ। कम्पनीले नेपाल लेखामान बोर्ड (NASB) को निर्देशन बमोजिम आर्थिक वर्ष २०८१/०८२ को नेपाल वित्तिय प्रतिवेदन मापदण्ड (Nepal Financial Reporting Standards –NFRS) अनुसार वित्तिय विवरण तयार गरि सोहि बमोजिमको संक्षिप्त विवरण यहाँहरुको जानकारीका लागि यसै साथ प्रकाशित गरिएकोछ। प्रस्तुत वित्तिय विवरणमा वीस प्रतिशत र सो भन्दा माथि लगानी गरेको सम्वद्ध कम्पनीहरु (Associates Company) मा भएको लगानीको आधारमा समुहकृत र कम्पनीको विवरण समावेश गरि तयार गरेकोछ।

### आ.व. २०८१/०८२ को कारोबारको सिंहावलोकन

यस कम्पनीद्वारा सञ्चालित इलाम जिल्ला माई नगरपालिका स्थित **माई जलविद्युत आयोजना (२२.० मे.वा.)** र **माई क्यास्केड जलविद्युत आयोजना (७.० मे.वा.)** लाई विगतका वर्षहरुमा जस्तै दक्षतापूर्वक सञ्चालन गरि कम्पनीको आम्दानी उच्च बनाउने अथक प्रयासका बावजुत प्रस्तुत आ.व. २०८१/०८२ मा प्राकृतिक विपत्तीका कारण उत्पन्न काबु बाहिरको परिस्थितिले गर्दा व्यवसायिक पक्ष अनुकुल नहुँदा अपेक्षाकृत प्रतिफल हासिल गर्न सकिएन। तथापी प्रस्तुत आर्थिक वर्षमा कम्पनी मुनाफामा नै रहेको छ।

### नेपाल वितिय प्रतिवेदन मापदण्ड अनुसारको वितिय विवरण

| Group Statement of Financial Position | Group | | Company | |
|---|---|---|---|---|
| | FY 2081-82 | FY 2080-81 | FY 2081-82 | FY 2080-81 |
| **Assets** | | | | |
| **Non-Current Assets** | | | | |
| Property Plant & Equipment | 13,684,071 | 9,198,741 | 13,684,071 | 9,198,741 |
| Intangible Assets | 2,995,864,069 | 3,146,948,798 | 2,995,864,069 | 3,146,948,798 |
| Capital WIP | - | 1,146,222 | - | 1,146,222 |
| Right of Use Assets | 10,567,968 | 1,956,546 | 10,567,968 | 1,956,546 |
| Investment in Associates | 1,123,681,600 | 539,038,010 | 1,287,500,000 | 687,500,000 |
| Other Investments | 2,779,469,960 | 2,452,847,500 | 2,779,469,960 | 2,452,847,500 |
| Advance towards Investment in Equity | - | 206,552,500 | - | 206,552,500 |
| **Current Assets** | | | | |
| Investment in Term Deposits | - | 195,000,000 | - | 195,000,000 |
| Other Financial Assets | 522,656,387 | 526,377,554 | 522,656,387 | 526,377,554 |
| Other Assets | 14,245,365 | 16,207,293 | 14,245,365 | 16,207,293 |
| Inventories | 24,074,144 | 22,965,449 | 24,074,144 | 22,965,449 |
| Cash and Short-term Deposits | 153,940,047 | 271,552,695 | 153,940,047 | 271,552,695 |
| Current Tax Assets | 2,328,486 | 2,824,238 | 2,328,486 | 2,824,238 |
| **Total Assets** | **7,640,512,097** | **7,392,615,545** | **7,804,330,497** | **7,541,077,535** |
| **Liabilities** | | | | |
| **Non-Current Liabilities** | | | | |
| Borrowings | 107,747,000 | 577,196,377 | 107,747,000 | 577,196,377 |
| Other Financial Liabilities | 14,228,218 | 5,308,720 | 14,228,218 | 5,308,720 |
| Other Provisions | 3,295,449 | 2,956,218 | 3,295,449 | 2,956,218 |
| **Current Liabilities** | | | | |
| Borrowings | 469,449,378 | 413,308,681 | 469,449,378 | 413,308,681 |
| Other Financial Liabilities | 13,515,865 | 14,215,934 | 13,515,865 | 14,215,934 |
| Other Liabilities | 7,336,626 | 9,783,926 | 7,336,626 | 9,783,926 |
| Deferred Tax Liabilities | 559,389,191 | 466,550,000 | 559,389,191 | 466,550,000 |
| **Total Liabilities** | **1,174,961,727** | **1,489,319,856** | **1,174,961,727** | **1,489,319,856** |
| **Equity** | | | | |
| Share Capital | 3,737,993,710 | 3,398,176,100 | 3,737,993,710 | 3,398,176,100 |
| Retained Earnings | 1,048,821,575 | 1,097,156,993 | 1,213,908,722 | 1,246,676,121 |
| Other Reserves | 1,678,735,085 | 1,407,962,596 | 1,677,466,338 | 1,406,905,458 |
| **Total Equity** | **6,465,550,370** | **5,903,295,688** | **6,629,368,770** | **6,051,757,678** |
| **Total Liabilities and Equity** | **7,640,512,097** | **7,392,615,545** | **7,804,330,497** | **7,541,077,535** |

| Group Statement of Profit or Loss | Group | | Company | |
|---|---|---|---|---|
| | FY 2081-82 | FY 2080-81 | FY 2081-82 | FY 2080-81 |
| Revenue From Sale of Electricity | 684,802,299 | 759,185,708 | 684,802,299 | 759,185,708 |
| Plant Operating Expenses | (101,495,138) | (95,147,999) | (101,495,138) | (95,147,999) |
| **Gross Profit** | **583,307,161** | **664,037,709** | **583,307,161** | **664,037,709** |
| Other Income | 597,737 | 446,217 | 597,737 | 446,217 |
| Amortization Expenses | (151,084,729) | (151,084,024) | (151,084,729) | (151,084,024) |
| Depreciation Expenses | (4,142,670) | (3,326,358) | (4,142,670) | (3,326,358) |
| Administrative and Other Operating Expenses | (23,587,470) | (21,932,510) | (23,587,470) | (21,932,510) |
| **Net Operating Profit** | **405,090,028** | **488,141,034** | **405,090,028** | **488,141,034** |
| Financial Costs | (69,007,588) | (109,175,246) | (69,007,588) | (109,175,246) |
| Financial Income | 9,580,266 | 51,238,565 | 9,580,266 | 51,238,565 |
| **Profit/(Loss) before Tax & Bonus** | **345,662,706** | **430,204,354** | **345,662,706** | **430,204,354** |
| Provision for Staff Bonus | (6,913,254) | (8,604,087) | (6,913,254) | (8,604,087) |
| **Share of Profit/(Loss) of Associates accounted for using equity method** | (4,692,718) | (55,702,257) | - | - |
| **Profit/(Loss) before Tax** | **334,056,734** | **365,898,010** | **338,749,452** | **421,600,266** |
| **Income Tax Expense** | | | | |
| Current Tax | (10,923,097) | (11,888,362) | (10,923,097) | (11,888,362) |
| Deferred Tax | (2,712,913) | - | (2,712,913) | - |
| **Net Profit for the Year** | **320,420,724** | **354,009,648** | **325,113,441** | **409,711,905** |
| Basic Earning Per Share | 8.57 | 10.42 | 8.70 | 12.06 |
| Diluted Earning Per Share | 8.57 | 10.42 | 8.70 | 12.06 |

| Group Statement of Cash Flow | Group | | Company | |
|---|---|---|---|---|
| | FY 2081-82 | FY 2080-81 | FY 2081-82 | FY 2080-81 |
| **Cash Flow from Operating Activities** | | | | |
| Net Profit for the year (After Tax) | 320,420,724 | 354,009,648 | 325,113,441 | 409,711,905 |
| Adjustment for: | | | | |
| Amortization | 151,084,729 | 151,084,024 | 151,084,729 | 151,084,024 |
| Depreciation | 3,170,663 | 2,426,263 | 3,170,663 | 2,426,263 |
| Depreciation of Right of Use Assets | 972,007 | 900,096 | 972,007 | 900,096 |
| Provision for Tax | 10,923,097 | 11,888,362 | 10,923,097 | 11,888,362 |
| Payment of Tax | (10,923,097) | (11,888,362) | (10,923,097) | (11,888,362) |
| Deferred Tax | 2,712,913 | | 2,712,913 | - |
| Employee benefit adjustment | 543,937 | 1,249,156 | 543,937 | 1,249,156 |
| Share of Profit/(Loss) from Associates | 4,692,718 | 55,702,257 | - | - |
| Prior Period Adjustment | (104,832) | (15,284,257) | (104,832) | (15,284,257) |
| **Cash Flow from Operating Activities Before Changes in Working Capital** | **483,492,859** | **550,087,187** | **483,492,859** | **550,087,187** |
| **Cash Flow from Changes in Working Capital** | | | | |
| (Increase)/ Decrease in Current Operating Assets | 5,070,153 | (8,090,146) | 5,070,153 | (8,090,146) |
| Increase/(Decrease) in Current Operating Liabilities | (2,808,138) | 996,954 | (2,808,138) | 996,954 |
| **Cash Flow from Operating Activities** | **485,754,874** | **542,993,994** | **485,754,874** | **542,993,994** |
| **Cash Flow from Investing Activities** | | | | |
| Capitalization/Purchase of Fixed Assets | (7,655,993) | (673,170) | (6,509,771) | (673,170) |
| (Increment)/Decrease in Intangible Assets | - | (16,950) | - | (16,950) |
| (Increment)/Decrease in Assets under development | 1,146,222 | (1,146,222) | - | (1,146,222) |
| Investment in Associates | (393,447,500) | - | (393,447,500) | - |
| Other Investments | 33,447,500 | - | 33,447,500 | - |
| Realization of Financial Assets | 195,000,000 | 274,790,000 | 195,000,000 | 274,790,000 |
| Advance towards Investment in Equity | - | (206,552,500) | - | (206,552,500) |
| **Cash Flow on Investing Activities** | **(171,509,771)** | **66,401,158** | **(171,509,771)** | **66,401,158** |
| **Cash Flow from Financial Activities** | | | | |
| Increase/(Decrease) in Borrowings | (413,308,680) | (364,155,944) | (413,308,680) | (364,155,944) |
| Payment of Financial Liabilities | (663,933) | - | (663,933) | - |
| Dividend Paid | (17,885,137) | (16,259,216) | (17,885,137) | (16,259,216) |
| **Cash Flow from Financial Activities** | **(431,857,750)** | **(380,415,160)** | **(431,857,750)** | **(380,415,160)** |
| **Total Cash Generated in the Year** | **(117,612,647)** | **228,979,993** | **(117,612,647)** | **228,979,993** |
| Opening Cash & Cash Equivalents | 271,552,695 | 42,572,702 | 271,552,695 | 42,572,702 |
| **Cash and Cash Equivalent at the end of The Year** | **153,940,048** | **271,552,695** | **153,940,048** | **271,552,695** |